# साँफेबगर नगरपालिकाको कोरोना रोकथाम,नियन्त्रण र उपचार सम्बन्धी रणनैतिक कार्ययोजना –२०७६

**साँफेबगर नगरपालिकाको कोरोना रोकथाम,नियन्त्रण र उपचार सम्बन्धी रणनैतिक कार्ययोजना –२०७६**

विश्व मानव समुदायलाई आक्रान्ता पारिरहेको विश्व महामारी कोभिड-१९ अर्थात नोवेल कोरोना भाईरसको सम्भावित संक्रमणको जोखिमलाई कम गर्न नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६/१२/१६ गतेको निर्णय तथा निर्णय कार्यान्यन कार्य योजना र साँफेबगर नगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड-२०७६ को नियम संगत कार्यन्वयनको साथै आगामी दिनमा हुनसक्ने प्रकोपको दुष्प्रभावबाट साँफेबगर नगरपालिकालाई पुर्व तयारि अवस्थामा राख्नको लागि समेत मिति २०७६/१२/२२ गते बसेको साँफेबगर नगर कार्यपालिकाको आ.व २०७६/७७ को तेह्रौं (आपतकालीन ) बैठकले कोरोना रोकथाम,नियन्त्रण तथा उपचारको लागि रणनैतिक कार्ययोजना बनाई लागु गरेको छ । यो कार्य योजना नेपाल सरकारको लकडाउन अवधिभर लागु गरिने छ ।

## १. कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष सम्बन्धमा :

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय, व्यक्ति | श्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | साँफेबगर नगरपालिकाको कोरोना रोकथाम,नियन्त्रण तथा उपचार कोष स्थापना गर्ने | प्र.प्र.अ र लेखा प्रमुख | बार्षिक बजेट , स्थानीय बैंक (का.पा) निर्णयानुसार | तिन दिन भित्र | कोष स्थापना भएको हुने |
| २ | उक्त कोषमा हाललाई आ.व २०७६/७७ को बार्षिक बजेटबाट रकमान्तर गरिरु. ............विनियोजन गर्ने | नगर कार्यपालिका | बजेट र का.पा को निर्णय | तिन दिन भित्र | आर्थिक कारोबार कोषबाट देखिने |
| ३ | नगर प्रमुखको तोकादेश अनुसार कोषबाट खर्च गरिने | वडा तह तथा कार्यपालिका | कार्यालय प्रशासन | आवश्यकता अनुसार | प्रचलित लेखा प्रणाली |
| ४ | कोषको आय व्ययको लेखा परिक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने | प्र.प्र.अ र लेखा प्रमुख | सरकारी संरचना | आ.व को अन्त्यमा | प्रतिवेदन |
| ५ | कोरोना प्रकोप नियन्त्रण संगै कोषमा बचेको रकम विपद व्यावस्थापन कोष खातामा हस्तान्तरण हुने | प्र.प्र.अ र लेखा प्रमुख | सम्बन्धित बैंक | प्रकोप नियन्त्रण पश्चात | बैंक स्टेटमेन्ट |

राहत सामाग्री उत्पादन तथा वितरण सम्बन्धमा :

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय, व्यक्ति | श्रोत र साधन | समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | लकडाउनको अवधिभरका लागि राहत दिनुपर्ने व्यक्ति तथा परिवारको पहिचान गरि तोकिएको ढाँचामा लगत तयार गर्ने | सम्बन्धित वडा सचीव तथा वडा कार्य समिति | नगरपालिकाको मार्ग दर्शन | तिन दिन भित्र | लगत तयार भएको हुने |
| २ | लकडाउनको अवधिभरको लागि वडा तहमा राहतको लागि तोकिए बमोजिमको कति खाद्यान्न आवश्यक हुन्छ सो को प्रारम्भिक प्रक्षेपण वडा गत रुपमा तयार गर्ने | वडा कार्य समिति | नगरपालिकाको राहत सम्बन्धि मापदण्ड -२०७६ | ४ दिन | प्रक्षेपण प्रतिवेदन |
| ३ | प्रत्येक वडामा राहत वितरण सम्पर्क व्यक्ति तोक्ने | वडा कार्य समिति | कार्य समितिको बैठक | २ दिन भित्र | सम्पर्क व्यक्तिको विवरण |
| ४ | नगर स्तरमा राहत वितरण गुनासो सुनुवाई समिति बनाउने | नगर कार्यपालिका | १३ औ बैठक | आजै | निर्णय |
| ५ | लकडाउनको अवधिभरको लागि दैनिक आवश्यकतालाई पुग्ने गरि राहत उपलब्ध गराउने | सम्बन्धित वडा कार्यालय | कोरोना रोकथाम,नियन्त्रण र उपचार कोष | तुरुन्त | राहत प्रदान भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | गैर सरकारी क्षेत्र वा व्यक्ति वा सामाजिक संघ संस्थाले उपलब्ध गराउने राहत वडाले तोकेको क्षेत्रमा मात्र लगाउने व्यवस्था गर्ने | सहयोगी मनहरु | सम्बन्धित वडा कार्यालय | उपलब्ध भए बमोजिम निरन्तर | समन्वयान्त्मक वातावरण सिर्जना भएको हुने |
| ७ | लकडाउनको अवधिमा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति,असहाय असक्तको लागि खाद्यान्नको थप व्यवस्था गर्ने | नगरपालिका | सम्बन्धित वडा कार्यालय | आवश्यकता अनुसार निरन्तर | लकडाउनको अवधिभर त्यस्ता वर्गलाई थप सुविधा भएको हुने |
| ८ | राहत वितरणको प्रतिवेदन सम्बन्धित मन्त्रालय तथा विभागमा पठाउने | नगर कार्यपालिका प्रशासन | वडा तह | तोकिए बमोजिम | विवरण अध्यावधिक भएको हुने |

**अन्य सम्बन्धमा :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अन्य विषम परिश्थितिको विश्लेषण गर्दै जाने | नगर कार्यपालिका | वडा तह सबै | निरन्तर | नगर क्षेत्रको अवस्था चित्रण भैरहने |
| २ | अन्य आवश्यक उपचार लगायतको लागि व्यवस्था गर्दै जाने | नगर कार्यपालिका | कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष | आवश्यकता अनुसार निरन्तर | जन-गुनासोमा न्यूनीकरण हुने |
| ३ | राहत वितरणको नियमित अनुगमन हुने | राहत वितरण गुनासो सुनुवाई समिति | वडा कार्य समितिहरु | निरन्तर | वितरण प्रभावकारी हुने |